# भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भूमि सम्बन्धी (छैठौं संशोधन) ऐन, २०७१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूमि सम्बन्धी ऐन, २०२१ को दफा ९ मा संशोधनः** भूमि सम्बन्धी ऐन, २०२१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ९ को,-

(१) उपदफा (४) मा रहेका "तोकिएको अधिकारीको आदेशले त्यस्तो जग्गा जफत भै नेपाल सरकार लाग्नेछ।" भन्ने शब्दहरुको सट्टा "तोकिएको अधिकारीको आदेश बमोजिम त्यस्तो जग्गा जफत भई सो जग्गा नेपाल सरकारको स्वामित्वमा आउनेछ।" भन्ने शव्दहरु राखिएका छन् ।

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (४) वमोजिम तोकिएको अधिकारीबाट जग्गा जफत हुने गरी भएको निर्णय अन्तिम भएमा तोकिएको अधिकारीले जफत भएको जग्गाको तोकिएको दरले हुन आउने मोलको पच्चीस प्रतिशत बरावरको रकम पुरस्कार वापत सो उपदफा वमोजिम जानकारी दिने व्यक्तिलाई दिनेछ ।"

३. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेको "सबै" भन्ने शव्दको सट्टा "अधिकतम हदभन्दा वढी जग्गा हुने " भन्ने शब्दहरु राखी उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांँशको खण्ड (ग) झिकिएको छ ।

४. **मूल ऐनमा दफा १४क. थपः** मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छः-

"**१४क. उजूर गर्न सक्नेः** (१) यस ऐन बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हदभन्दा बढी जग्गा भएको कुनै व्यक्ति वा परिवारले दफा १३ बमोजिम फाँटवारी पेश गर्दा जग्गा लुकाई फाँटवारी पेश गरेको जानकारी पाउने कुनै पनि व्यक्तिले तोकिएको अधिकारी समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको उजूरी जाँचबुझ गर्दा मनासिव ठहरेमा तोकिएको अधिकारीको आदेशले त्यस्तो जग्गा जफत हुनेछ ।

(३) उपदफा (२) बमोजिम जफत भएको जग्गाको तोकिएको दरले हुन आउने मोलको २५ प्रतिशत वरावरको रकम त्यस्तो उजूरी गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले पुरस्कार वापत दिनेछ ।"

५. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को प्रतिवन्धात्मक वाक्यांँशको खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) अधिकतम हदभन्दा वढीको जग्गामा मोही लागेको भए मोहीको हक जतिको जग्गा छुट्याई वाँकी जग्गा प्राप्त गरिनेछ ।"

६. **मूल ऐनको दफा १८ मा संशोधनः** मूल ऐनको दफा १८ को उपदफा (२) मा रहेका "रु.१,०००।— एक हजारसम्म जरिवाना" भन्ने शव्दहरुको सट्टा "रु.५०,०००।- पचास हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

७. **मूल ऐनको दफा २६घ१. मा संशोधनः** मूल ऐनको दफा २६घ१. मा रहेका "यो दफा प्रारम्भ भएको मितिले छ महिनाभित्र" भन्ने शव्दहरुको सट्टा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अवधिभित्र" भन्ने शव्दहरु राखिएका छन् ।

८.	**<u>मूल ऐनको दफा २६घ३. मा संशोधनः</u>** मूल ऐनको दफा २६घ३. मा रहेका "यो दफा प्रारम्भ भएको मितिले दुई वर्षभित्र" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अवधिभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

९.	**<u>मूल ऐनमा दफा २६घ४. थपः</u>** मूल ऐनको दफा २६घ३. पछि देहायको दफा २६घ४. थपिएको छः-

"२६घ४.	**<u>टोली खटाउन सक्नेः</u>** (१) दफा २६घ२. बमोजिम जग्गाधनी र मोही बीच छिटो छरितो रुपमा जग्गा बाँडफाँड गर्नको लागि तोकिएको अधिकारीले ठोस कार्य योजना बनाई कार्य सम्पादन गर्नु पर्नेछ र सो कार्य सम्पन्न गर्ने प्रयोजनको निमित्त आवश्यकता अनुसार आफ्नो जिल्लाभित्रको कुनै ठाउँमा टोली खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको टोलीले जग्गा बाँडफाँड गर्ने सम्बन्धमा अपनाउनु पर्ने यस ऐनमा लेखिएदेखि बाहेक अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।"

१०.	**<u>मूल ऐनको दफा ५१ङ मा सशोधन</u>** : मूल ऐनको दफा ५१ङ को सट्टा देहायको दफा ५१ङ. राखिएको छः-

"५१ङ. **<u>भूमिको वर्गीकरण तथा भू-उपयोग कार्यक्रमको सन्चालन</u>** : (१) नेपाल सरकारले भूमिको महत्तम् (अप्टिमम्) उपयोगको लागि भूमिलाई देहाय बमोजिम बर्गीकरण गर्नेछः-

(क) कृषि क्षेत्र
(ख) आवासीय क्षेत्र
(ग) व्यावसायिक क्षेत्र
(घ) औद्योगिक क्षेत्र
(ङ) खानी तथा खनिज क्षेत्र
(च) निर्माण सामाग्री (ढुंगा, वालुवा, गिट्टी) उत्खनन् क्षेत्र
(छ) साँस्कृतिक र पुरातात्विक महत्वको क्षेत्र
(ज) नदीनाला र ताल तलैया क्षेत्र
(झ) वन क्षेत्र
(ञ) सार्वजनिक उपयोगको क्षेत्र
(ट) तोकिए बमोजिमका अन्य क्षेत्र ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम भूमिको बर्गीकरण सार्वजनिक हित तथा भूमिको बनोट, प्रकृति, क्षमता र मौजुदा प्रयोगको अवस्थाको आधारमा गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जग्गा बर्गीकरण गरिसकेपछि तोकिएको अधिकारीले कुन जग्गा कस्तो बर्गीकरण अन्तरगत परेको हो सो को सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(४) सम्वन्धित निकायले नेपाल सरकारबाट स्वीकृत नीतिको अधिनमा रही भू-उपयोग कार्यक्रम संचालन गर्नुपर्नेछ ।"

११.	**<u>मूल ऐनको दफा ५१च. मा संशोधनः</u>** मूल ऐनको दफा ५१च. को,–

(१)	उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) भू-उपयोग सम्वन्धी नीतिलाई कार्यान्वन गर्ने सम्वन्धी काममा समन्वय गर्नका लागि देहाय वमोजिमका अध्यक्ष तथा सदस्यहरु रहेको भू-उपयोग परिषद् गठन हुनेछः-

(क)	उपाध्यक्ष, राष्ट्रिय योजना आयोग	- अध्यक्ष
(ख)	सदस्य, राष्ट्रिय योजना आयोग (भूमिसुधार तथा व्यवस्था मन्त्रालय हेर्ने) - सदस्य
(ग)	सचिव, अर्थ मन्त्रालय	- सदस्य
(घ)	सचिव, उद्योग मन्त्रालय	- सदस्य

(ङ) सचिव, उर्जा मन्त्रालय - सदस्य
(च) सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय - सदस्य
(छ) सचिव, कृषि विकास मन्त्रालय - सदस्य
(ज) सचिव, गृह मन्त्रालय - सदस्य
(झ) सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य
(ञ) सचिव, रक्षा मन्त्रालय - सदस्य
(ट) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य
(ठ) सचिव, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय - सदस्य
(ड) सचिव, सहकारी तथा गरिवी निवारण मन्त्रालय - सदस्य
(ढ) सचिव, सहरी विकास मन्त्रालय - सदस्य
(ण) सचिव, सिंचाई मन्त्रालय - सदस्य
(त) सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य
(थ) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य
(द) भू-उपयोग सम्वन्धी विशेषज्ञहरुमध्ये नेपाल सरकारबाट मनोनीत कम्तीमा एकजना महिला सहित तीन जना - सदस्य
(ध) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय - सदस्य-सचिव

(२) उपदफा (२) मा रहेका "खण्ड (च)" भन्ने शब्दहरुको सट्टा "खण्ड (द)" भन्ने शब्दहरु राखिएका छन् ।

१२. **<u>मूल ऐनको दफा ५१छ मा सशोधन</u>** : मूल ऐनको दफा ५१छ. को सट्टा देहायको दफा ५१छ. राखिएको छः-

"५१छ. **<u>अन्य उपयोगमा लगाउन नहुने</u>** : यस ऐन बमोजिम एउटा प्रयोजनको लागि बर्गीकरण गरिएको जग्गा नेपाल सरकारको स्वीकृति बिना अर्को प्रयोजनको लागि उपयोगमा लगाउन पाइने छैन ।"

१३. **<u>मूल एनको दफा ५१ट. मा संशोधनः</u>** मूल ऐनको दफा ५१ट. मा रहेका "दश हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरूको सट्टा "पचास हजार रूपैयाँसम्म जरिवाना" भन्ने शब्दहरू राखिएका छन् ।